फोनः ०५६-४१०१२२/४१०१११
इमेलः ichchhakamanaruralmun@gmail.com
वेबसाइटः ichchhakamanamun.gov.np

# इच्छाकामना गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

कुरिनटार, चितवन

बागमती प्रदेश, नेपाल

प.सं. २०८३।०८४
च. नं.

**अत्यन्त जरुरी सूचना**

**भारी बर्षाको सम्भावना रहेकोले उच्च सतर्कता अपनाउन अनुरोध**

नेपाल मौसम विज्ञान विभागद्वारा मिति २०८३ असोज ५ गते जारी विशेष मौसमी बुलेटिनलाई उद्धृत गर्दै बागमती प्रदेश सरकार, आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय, हेटौँडाद्वारा मिति २०८३ असोज ६ गते जारी सूचना अनुसार असोज ९ गते शुक्रबारदेखि ११ गते आइतबारसम्म बागमती प्रदेशका विभिन्न स्थानमा मेघगर्जन, चट्याङ र हावाहुरीसहित भारीदेखि धेरै भारी बर्षाको सम्भावना रहेको छ।

उक्त अबधिमा भारी बर्षाका कारण नदि तथा खोलामा पानीको बहाव बढ्ने, आकस्मिक बाढी, पहिरो, गेग्रान बहाव तथा डुबान हुन सक्ने र सडक तथा हवाई यातायातसमेत प्रभावित हुन सक्ने जोखिम रहेको छ। तसर्थ, जोखिमयुक्त क्षेत्रका बासिन्दा तथा आमनागरिकलाई देहायबमोजिम उच्च सतर्कता अपनाउन अनुरोध गरिन्छ।

- नदी तथा खोला किनार, पहिरोको जोखिम भएका भू-भाग, भिरालो जमिन तथा डुबान हुन सक्ने क्षेत्रमा विशेष सावधानी अपनाउने।
- जोखिमको सङ्केत देखिएमा समयमै नजिकको सुरक्षित स्थानमा जाने र स्थानीय तह तथा सुरक्षा निकायसँग समन्वय गर्ने।
- अति आवश्यक अवस्थामा बाहेक लामो दुरी तथा रातीको समयमा यात्रा नगर्ने। यात्रा गर्नुअघि सडक तथा मौसमको अवस्थाबारे जानकारी लिने।
- बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, गर्भवती तथा बिरामी व्यक्तिको सुरक्षामा विशेष ध्यान दिने।
- पशुचौपाया, खाद्यान्न, औषधी, महत्त्वपूर्ण कागजात तथा अन्य आवश्यक सामग्री सुरक्षित स्थानमा राख्ने।
- नेपाल मौसम विज्ञान विभाग, सङ्घीय सरकार, प्रदेश सरकार, स्थानीय तह तथा सुरक्षा निकायबाट जारी हुने आधिकारिक पूर्वानुमान, पूर्वसूचना र चेतावनीबारे नियमित जानकारी लिने तथा निर्देशनको पालना गर्ने।

- वर्षा तथा बाढीको जानकारीका लागिः ११५५
- विपद् सहायताः १२३४
- नेपाल प्रहरीः १००
- सशस्त्र प्रहरी बल, नेपालः १११४
- गाउँपालिका विपद् सम्पर्क व्यक्ति सम्पर्क नं.: ९८५५०५३६३३

अफवाहमा विश्वास नगरौं, आधिकारिक सूचनालाई आधार मानौं।
आफू पनि सुरक्षित रहौं, अरुलाई पनि सुरक्षित राखौं।

मितिः २०८३ असोज ७